# मिति २०७४ साल पौष २० गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

१. **वडा कार्यालयको भवन निर्माण सम्बन्धमा :- यस** बकैया गाउँपालिका वडा नं. १,३,५,६,७,८,१०,११ समेत ८ वटा वडाको वडा कार्यालय भवन नभई कार्य सञ्चालनमा कठिनाई भएकोले सम्बन्धीत वडालाई जग्गाको व्यवस्था गर्न लगाई ५०० देखी ६०० बर्गफिट क्षेत्रफलको १ वटा सभाहल, २ कोठा र शौचालय भएको स्टील स्ट्रक्चरको भवन ३ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी कसल्टेन्ट मार्फत डिजाइन इष्टीमेट तयार गरी भवन निर्माण प्रक्रिया अघि बढाउने सर्वसम्मतिले निर्णय गरियो ।

२. **गाउँ कार्यपालिका भवन निर्माण तथा कार्य सञ्चालन सम्बन्धमा :-** यस बकैया गाउँ कार्यपालिकाको केन्द्र बकैया-३ हात्तिसुडेमा राख्न गाउँ सभाले निर्णय गरीसकेको र सो स्थानमा भवन निर्माण गर्न स्थानीय समाजसेवी शेरमान गोलेले १२ कठ्ठा जग्गा समेत निःशुल्क प्रदान गरी सकेकोले सो स्थानमा मन्त्रालयले दिएको मोडेल नं. ३ बमोजिमको भवन निर्माण गर्न डिजाइन इष्टिमेट तयार गर्ने सर्वसम्मतिले निर्णय गरियो । साथै गाउँ सभाले तोकेको स्थान बकैया-३ हात्तिसुडेमा गाउँ कार्यपालिकाको कार्य सञ्चालन २०७५ श्रावण १ गते पश्चात गर्ने निर्णय गरियो ।

३. **श्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा :-** यस बकैया गाउँपालिकामा श्वास्थ्य संग सम्बन्धीत निम्न कार्यक्रम निम्नानुसार गर्न स्विकृत दिने सर्वसम्मतिले निर्णय गरियो ।

(क) बाह्य खोप केन्द्र भवन निर्माण गर्न विनियोजित रु ३ लाखबाट बकैया-११ मा वडा कार्यालयले तोकेको स्थानमा खोपकेन्द्र भवन निर्माण गर्ने ।

(ख) फोहोरमैला व्यवस्थापन गर्न विनियोजित बजेटबाट धियाल, शिखरपुर, मन्थली र ठिंगन श्वास्थ्य चौकीहरु प्रत्येकलाई २०-२० हजार उपलब्ध गराउने ।

(ग) समुदायस्तरमा स्वास्थ्य प्रवर्धनका लागि ठिंगन स्वास्थ्य चौकी र छतिवन प्रा.शा.के.मा अन्तक्रिया कार्यक्रम गर्ने ।

(घ) छतिवन प्रा.श्वा.के. लाई सेवा सुदृढीकरणका लागि निर्देशिका बमोजिम खर्च गर्ने गरी रु ३ लाख उपलब्ध गराउने ।

(ङ) स्वास्थ्यका औषधी, न्यानो झोला र उपकरण खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम प्रक्रिया पुर्‍याई गर्ने ।

(च) क्षयरोग सम्बन्धी माइक्रोस्कोपी क्याम्प ठिंगन स्वास्थ्य चौकी र बकैया-६ जुइनामा सञ्चालन गर्ने ।

४. **सामाजिक परिचालकको म्याद थप र करा सम्झौता सम्बन्धमा :-** संङ्घीय मामिला था स्थानीय विकास मन्त्रालयको चलानी २५ मिति २०७४/०९/१४ को पत्रानुसार बकैया गाउँपालिका अन्तर्गत विभिन्न वडामा कार्यरत ५ जना सामाजिक परिचालक मध्ये २ जनाको कार्य सन्तोषजनक रहेको देखिएकोले श्री गंगा फुँयाल र प्रेमराज घलानको म्याद २०७४ पौष १६ गतेदेखी २०७५ असार मसान्तसम्म थप गरी मासिक रु १२,००० पारिश्रमिक पाउने गरी करार सम्झौता गरी क्रमशः वडा नं. ७ र ३ मा कामकाज लगाउने सर्वसम्मतिले निर्णय गरियो ।

५. **उपभोक्ता समितिको तालिम सम्बन्धमा :-** बकैया गाउँपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमका उपभोक्ता समितिका पदाधिकारीहरु मध्ये अध्यक्ष, कोषाध्यक्ष र सचिव लाई तालिम दिने, रु १० लाख भन्दा बढी बजेट भएका योजनाको समितिलाई गाउँ कार्यपालिकामा र अन्यलाई वडामा तालिम सञ्चालन

गर्ने पहिलो पटक हुने गाउँपालिका स्तरिय तालिममा गाउँ कार्यपालिकाका सम्पुर्ण सदस्य र वडा सचिवलाई समेत सहभागी गराउने सर्वसम्मतिले निर्णय गरियो ।

६. **स्वरोजगार तालिम सम्बन्धमा :-** बकैया गाउँपालिकाले लैगिक समानता तथा सामाजिक समावेसीकरण कार्यक्रमबाट तपसिलका कार्यक्रम तपसिल अनुसार सञ्चालनको लागि सामाजिक विकास शाखालाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

(क) **महिला एडभान्स सिलाई कटाई तालिम :-** प्रत्येक वडाका ५-५ जनाको दरले विपन्न वर्गका बेसिक सिलाई कटाई तालिम सम्पन्न गरेका महिलाहरुलाई वडा कार्यालय मार्फत छनौट गरी एडभान्स सिलाई कटाई तालिम सञ्चालन गर्ने ।

(ख) **वेसिक कम्प्युटर तालिम** :- बकैया ३ देखी ९ नं. वडा सम्मका एस.एल.सी. परिक्षा उतिर्ण महिलालाई छनौट गरी तालिम सञ्चालन गर्ने तथा सो तालिममा विवाहित महिलालाई प्राथमिकता दिने ।

७. **करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा** :- बकैया गाउँपालिका र पालिका अन्तर्गत विभिन्न वडा तथा श्वास्थ्य संस्थामा करारमा रहेका कर्मचारी तथा स्वास्थ्य कर्मीहरुको म्याद २०७४ पौष मसान्तमा सकिने भएकोले निजहरुको कार्यको मुल्याङ्कन गरी कार्य सन्तोषजनक देखिएमा म्याद सकिएको मितिले २०७५ असार मसान्तसम्म म्याद थप गरी कामकाज लगाउनका लागि सम्बन्धीत शाखाको सिफारिसमा म्याद थप गरी करार सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृत र अध्यक्षलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

**आजको बैठक विहानको ११:३० बजे शुरु भई ५:३० बजे सम्पन्न गरियो ।**